नागार्जुन नगरपालिका

स्थानीय राजपत्र

खण्ड (१०), काठमाडौं जेष्ठ ४ गते, २०८३ साल (संख्या ३)

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०२/०३

भाग - २

# नागार्जुन नगरपालिकाबाट माध्यमिक शिक्षा परीक्षामा स्तरीकृत अङ्क ल्याउने विद्यार्थी तथा विद्यालयलाई शैक्षिक पुरस्कार तथा सम्मान सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावनाः** नागार्जुन नगरपालिका भित्र सञ्चालित सबै सामुदायिक माध्यमिक विद्यालय तथा उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई उत्प्रेरित गरी गुणस्तरीय शिक्षाका लागि विद्यालय तथा विद्यार्थीहरुमा प्रतिष्पर्धात्मक भावनाको विकास गरी कार्यसम्पादन स्तर उच्च बनाइ समग्र नागार्जुन नगरपालिकाको शैक्षिक विकास र समृद्दिमा टेवा पुऱ्याउन वाच्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी "माध्यमिक शिक्षा परीक्षामा स्तरीकृत अङ्क ल्याउने विद्यार्थी तथा विद्यालयलाई शैक्षिक पुरस्कार तथा सम्मान सम्बन्धी कार्यविधि, २०८३" स्वीकृत गरेको छ ।

## परिच्छेद—१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "माध्यमिक शिक्षा परीक्षामा स्तरीकृत अङ्क ल्याउने विद्यार्थी तथा विद्यालयलाई शैक्षिक पुरस्कार तथा सम्मान सम्बन्धी कार्यविधि, २०८३" रहेको छ ।

(ख) यो कार्यविधि नागार्जुन नगरपालिका क्षेत्रभित्र लागू हुने छ ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "नगरपालिका" भन्नाले नागार्जुन नगरपालिका सम्झनुपर्छ ।

(ख) " प्रमुख "भन्नाले नागार्जुन नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ग) "उपप्रमुख "भन्नाले नागार्जुन नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नागार्जुन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ङ) “शाखा प्रमुख ” भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखलाई सम्झनुपर्छ ।

(च) “शिक्षा अधिकृत ”भन्नाले नगरपालिकाको शिक्षा ,युवा तथा खेलकुद शाखामा कार्यरत शिक्षा अधिकृत सम्झनुपर्छ ।

(छ) “माध्यमिक विद्यालय ”भन्नाले नागार्जुन नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालय सम्झनुपर्छ ।

(ज) “माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई.)” भन्नाले माध्यमिक तह (कक्षा १०) को अन्त्यमा लिइने परीक्षा सम्झनुपर्छ ।

(झ) “सामुदायिक विद्यालय ” भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति विद्यालय सम्झनु पर्छ

(ञ) “संस्थागत विद्यालय ” भन्नाले नेपाल सरकारबाट नियमित अनुदान नपाउने गरी अनुमति वा स्वीकृति विद्यालय सम्झनु पर्छ।

## परिच्छेद—२
## शैक्षिक गुणस्तर सुधार

**३. शिक्षाको गुणस्तर सुधारः** (१) नागार्जुन नगरपालिका क्षेत्र भित्र सञ्चालित माध्यमिक विद्यालय स्तरमा हुने शिक्षाको गुणस्तर सुधारका लागि विद्यालय तथा अध्ययनरत विद्यार्थीहरुलाई उत्प्रेरित गरी प्रतिस्पर्धाको वातावरण सृजना गर्न र उत्कृष्ट विद्यालय तथा विद्यार्थीलाई पुरस्कृत गर्न सक्नेछ ।

(२) हाल नगरपालिका भित्र रहेका सामुदायिक माध्यमिक विद्यालयहरुको शैक्षिक गुणस्तरको अवस्थालाई मध्यनजर गरी सामुदायिक विद्यालय र संस्थागत विद्यालयहरुलाई छुट्टा छुट्टै प्रतिस्पर्धाको वातावरण सृजना गर्न सकिनेछ ।

(३) शैक्षिक विकास र समृद्दिमा टेवा पुऱ्याउन नगरपालिकाले शैक्षिक गुणस्तर कमजोर भएका सामुदायिक विद्यालयलाई अन्य आवश्यक बैकल्पिक सहयोग गर्न सक्नेछ ।

## परिच्छेद—३
## पुरस्कार तथा सम्मान वितरण

**४. पुरस्कार तथा सम्मान वितरण प्रक्रियाः** (१) प्रत्येक वर्ष राष्ट्रिय परीक्षा बोर्डबाट एस. ई.ई.को नतिजा प्रकाशित भएपश्चात शिक्षा, युवा तथा खेलकुद शाखाले एस.ई.ई.मा सहभागी विद्यार्थी तथा विद्यालयहरुलाई कम्तीमा सात (७) दिनको समय राखी सूचना प्रकाशन गर्नेछ ।

(२) एस.ई.ई.मा सामुदायिक विद्यालयका विद्यार्थीहरुले आफ्नो ग्रेडसिटको प्रतिलिपी सहित आफ्नो विद्यालयमा निवेदन गर्नुपर्नेछ ।

(३) विद्यार्थीबाट प्राप्त निवेदन बमोजिम निजको ग्रेडसिट रुजू गरी विद्यालयले सात (७) दिन भित्र शिक्षा, युवा तथा खेलकुद शाखामा सिफारिस गर्नुपर्नेछ ।

(४) नगरपालिकाले एस.ई.ई. परीक्षामा स्तरीकृत अङ्क ४ ल्याउने नागार्जुन नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु ५० हजारका दरले पुरस्कार तथा सम्मान प्रदान गर्ने।

(५) उपदफा ४ मा जुनसुकै कुरा लेखिएको भएता पनि नागार्जुन नगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययन गरी उच्च स्तरीकृत अङ्क ल्याउने प्रथम, द्वितिय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीलाई नगरपालिकाले प्रति विद्यार्थी क्रमशः रु ५० हजार ३० हजार र २० हजारका दरले पुरस्कार तथा सम्मान प्रदान गर्ने।

(६) नगरपालिकाले एस.ई.ई.परीक्षामा स्तरीकृत अङ्क ४ ल्याउने नागार्जुन नगरपालिका भित्रका संस्थागत विद्यालयका विद्यार्थी तथा विद्यालयको हकमा पुरस्कार सहित कदर पत्रद्वारा सम्मान गर्नेछ ।

(७) एसईई परीक्षामा सामुदायिक विद्यालय तर्फ न्यूनतम १५ जना विद्यार्थी सहभागी गराई औसत स्तरीकृत उच्च जिपी ल्याउने प्रथम र द्वितिय स्थानका विद्यालयहरुलाई क्रमशः रु १ लाख र रु ५० हजार नगद सहित पुरस्कृत गरिनेछ ।

(८) नागार्जुन नगरपालिकाले विशेष समारोहको आयोजना गरी उक्त पुरस्कार तथा सम्मान वितरणको कार्यक्रम गर्ने र नगद पुरस्कारको रकम सम्बन्धित व्यक्ति तथा विद्यालयको खातामा पठाइनेछ ।

## परिच्छेद–४

## विविध

**५. बजेटको व्यवस्थाः** (१) एस.ई.ई.परीक्षामा दफा ४ को उपदफा ४, ५, ६ र ७ मा उल्लेख गरिएको स्तरीकृत अङ्क ल्याउने विद्यार्थी तथा विद्यालयलाई सम्मान तथा पुरस्कार वितरणका लागि आवश्यक बजेट नागार्जुन नगरपालिकाले आन्तरिक स्रोतबाट व्यवस्था गर्नेछ ।

(२) यस कार्यविधिमा उल्लेखित विषयमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) यस विषयमा यस कार्यविधि लागू हुनु अघि भए गरेका कार्य( सम्मान तथा पुरस्कार वितरण) यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**६. संशोधन तथा बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा उत्पन्न भएमा प्रचलित कानुनको अधिनमा रही कार्यपालिकाले संशोधन वा परिमार्जन गर्न तथा बाधा अड्काउ फुकाउन सक्नेछ ।

**आज्ञाले**
**गणेश प्रसाद अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**